# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सितली, इलाम
कोशी प्रदेश

फोन/फ्याक्स: ०२७-४१२२२२
वेबसाइट: m aimun.gov.np
इमेल: mainagarpalika@gmail.com
फेसबुक पेज : facebook.com/maimun2


प.सं. २०८१/८२
च.नं.

मिति: २०८१ /०८/२० गते

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१।०८।२०
प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८१।०९।०४

माई नगरपालिका कृषि तथा पशु विकास शाखाको आ.व. २०८१/०८२ को कृषि तथा पशु प्रवर्धन कार्यक्रम अन्तर्गत माई नगरपालिकाको विभिन्न वडाहरुमा संचालन हुने "कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८१", "प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७","प्रदेश सरकारबाट स्थानिय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत शसर्त अनुदान कार्यक्रम २०८१/०८२" र "प्रदेश तथा स्थानिय तहमा शसर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छि तथा मत्सय विकास कार्यक्रम संचालन कार्यविधि, २०८१" अनुसार तपशिल बमोजिमको कार्यक्रम संचालन हुने हुँदा माई नगरपालिका क्षेत्रभित्र रहेका इच्छुक कृषक/ कृषक समुह / कृषि सहकारी/कृषि फर्म / उद्यमि बाट दरखास्त आह्वानको लागि यो सुचना प्रकशित गरिएको छ। यो सुचना "प्रकाशित भएको मितिले १५ औं दिन भित्र तपशिल बमोजिमको कागजातहरु संलग्न राखि नगरपालिकाको कृषि तथा पशु विकास शाखामा प्रस्तावना पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धि थप जानकारीका लागि फोन नं. ९८४४६४१२९१/९८४२६४७७५५ मा सम्पर्क गर्न सकिने छ। कार्यक्रम सम्बन्धी कार्यविधि तथा प्रस्तावनाको ढाँचा नगरपालिकाको वेवसाईट बाट डाउनलोड गर्न सकिनेछ।

तपशिलः

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु | संचालन गर्न सकिने क्रियाकलाप | बजेट रकम रुः लाखमा | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | कार्यविधिका आधारमा कृषि अनुदान कार्यक्रम | अधिकतम सिमा अनुदान ७५% प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म तथा कृषि सम्बन्धि अन्य संस्थाहरु | कार्यविधिको नियमनुसार | व्यवसायिक योजना अनुसार | तरकारी वालीः वेमौसमी उत्पादनकाका लागि नर्सरी, ग्रीन हाउस वा नेट हाउस, थोपा सिंचाइ सहितको प्लाष्टिक घर भित्र व्यावसायिक तरकारी उत्पादन सम्बद्ध पूर्वाधार निर्माण गर्नु पर्नेछ।<br><br>मौसमी तरकारीको हकमा कम्तिमा ३ रोपनीमा तरकारी उत्पादन गर्नु पर्नेछ।<br><br>फलफूल बालीहरुः कम्तिमा ३ रोपनी क्षेत्रफलमा प्राथमिकता प्राप्त फलफूल बाली खेती गर्नुपर्नेछ। |

महेन्द्र विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | व्यावसायिक बाली: कम्तिमा ३ रोपनी जमिनमा सुपारी, बास, अकबरे खोर्सानी, मासको दाल खेती गर्नुपर्नेछ । <br><br> मौरीपालन: कम्तिमा १० वटा मौरी घारको प्रयोग गरी सिफारिस प्रविधि अनुसार मौरीपालन गरी मह उत्पादन गर्नु पर्नेछ। |
| ०२ | ८०% अनुदानमा पम्पिङ सिचाई योजना संचालन | अधिकतम सिमा अनुदान ८०% प्रतिशत | कृषक/कृषक समुह/कृषक समिति/कृषि सहकारी/कृषि फर्म तथा कृषि सम्बन्धि अन्य संस्थाहरु | पम्पिङ सिचाई योजना अन्तर्गत न्युनतम २ एच पि.को मोटर खरिदमा अधिकतम ८०% सम्म अनुदान उपलब्ध गराउन सकिने छ । | व्यवसायिक योजना अनुसार | कम्तिमा १० रोपनीमा खेती गरेको हुनुपर्नेछ। |
| ०३ | तरकारी पकेट | कार्यविधिको नियमनुसार | कृषक समुह/कृषि सहकारी/कृषि फर्म तथा कृषि सम्बन्धि अन्य संस्थाहरु | कार्यविधिको नियमनुसार | १२.०० | कम्तिमा १४० रोपनीमा खेती गरेको हुनुपर्नेछ। |
| ०४ | सुपारी उत्पादन प्रवर्द्धन कार्यक्रम (वडा न. ६,७ र ८ लाई मात्र) | अधिकतम सिमा अनुदान ७५% प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म तथा कृषि सम्बन्धि अन्य संस्थाहरु | सुपारीको विरुवा खरिद, सिचाई व्यवस्थापन र सुपारी प्रशोधन यन्त्र उपकरण खरिद गर्न सकिने | व्यवसायिक योजना अनुसार | कम्तिमा २ रोपनीमा खेती गरेको हुनुपर्नेछ। |
| ०५ | छुर्पि प्रवर्द्धन कार्यक्रम | अधिकतम सिमा अनुदान ७५% प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म तथा डेरी व्यवसाहिहरु | कार्यविधिको नियमनुसार | ८.०० | |
| ०६ | खोर तथा गोठ सुधार कार्यक्रम | अधिकतम सिमा अनुदान ५०% प्रतिशत | व्यक्तिगत कृषि फर्म तथा पशु फर्म | कार्यविधिको नियमनुसार | ०.२० प्रति कृषक सम्म | सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्ने |

माई नगरपालिका नगर कार्यपालिकाको कार्यालय शितली, इलाम कोशी प्रदेश, नेपाल

महेन्द्र विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. तोकिएको ढाँचाको निवेदन।

२. फर्म/संस्था/समुह/सहकारी दर्ताको प्रमाणपत्र

३. फर्म/संस्थाको नविकरण गरेको प्रमाणको प्रतिलिपि, कृषक समुह / कृषि सहकारीको हकमा प्रस्तावना पेश गर्नको लागि बैठकले गरेको निर्णयको प्रतिलिपि।

४. संस्थाको स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि।

५. सम्बन्धित कृषकको नेपाली नागरिकताको प्रतिलिपि।

६. सहकारी संस्थाको हकमा गत आ.व. को लेखा परिक्षणको प्रतिलिप।

७. गत आ.व.को कर चुक्ताको प्रतिलिपि।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस।

९. कार्यक्रम संचालनका लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गाको हकमा न्युनतम १० वर्ष करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपि।

१०. प्राविधिक ज्ञान/सिप/अनुभव/तालिम भए सोको प्रमाणको प्रतिलिपि।

११. आवेदकले दोहोरो पर्ने गरी कृषि अनुदानका लागि विगत दुई वर्ष अघि देखी हालसम्म अन्य कुनै निकायवाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र।

१२. कार्यक्रम संचालनको लागि गर्न चाहेको व्यवसायिक प्रस्तावना।

१३. कार्याविधि वमोजिम माथि उल्लेखित माग गरिएका कागजातहरु पूर्ण नभएमा आवेदन दर्ता हुने छैन।

नोटः माथी उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नको लागि आवश्यक पर्ने प्रस्तावना फर्मेट (Proposal Format) र निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयमा पाउन सकिनेछ।

..........................

महेन्द्र विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत